फोन/फ्याक्स: ०६१-४६२६७४
e-mail: ec.deo.kaski@gmail.com

# निर्वाचन आयोग
# प्रदेश निर्वाचन कार्यालय
## गण्डकी प्रदेश, पोखरा ।

प.सं. : ०७९।०८०

मिति : २०७९।०७।२१ गते

## प्रेस विज्ञप्ति

### राजनीतिक तथा उम्मेदवारहरुलाई आचार संहिताको पालना गर्ने सम्बन्धमा प्रदेश निर्वाचन कार्यालय पोखराको प्रेस विज्ञप्ति।

उपर्युक्त सम्बन्धमा यही मिति २०७९।०८।०४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि निर्वाचन आयोगले मिति २०७९।६।१२ गतेदेखि निर्वाचन आचारसंहिता लागू गरिसकेको अवस्थामा आचारासंहिता कार्यान्वयन सम्बन्धमा विभिन्न संयन्त्रहरु मार्फत गहन रुपमा अनुगमन भईरहेको छ । निर्वाचन आचार संहिता २०७९ अनुसार राजनीतिक दल तथा उम्मेदवारहरुले पालना गर्नुपर्ने आचरणहरुमा—

- स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने,
- जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याज, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,
- कुनै पनि क्लव, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने,
- जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नुपर्ने,
- निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,
- निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा तीनसय वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने,
- उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाईएको ३×४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्नय बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्रा, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गर्न नहुने,
- दल वा उम्मेदवारले जुलुस , आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्यानली गर्दा बढीमा दशवटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन नहुने लगायत रहेका छन् ।

उपरोक्त बमोजिमका आचणहरु निर्वाचन प्रचार प्रसार अन्तर्गत आमसभा , कोणसभा तथा भेलाहरु आयोजना गर्दा अनिवार्य रुपमा पालना गर्नुहुन सबै राजनीतिक द ल तथा उम्मेदवारहरुलाई अनुरोध गरिन्छ । आचार संहिता अनुगमनको क्रममा आचार संहिताको उल्लघंन भएको पाईएमा निर्वाचन आयोग ऐन २०७३, निर्वाचन (कुसर तथा सजाय) ऐन २०७३ तथा प्रचलित निर्वाचन कानून बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

.............................
(हुमनाथ पराजुली)
प्रदेश निर्वाचन अधिकारी